**मिती २०७४ साल फाल्गुन ३० गतेको पन्ध्रौं कार्यपालीका बैठकका निर्णयहरु :**

**निर्णय न १:**

यस नगरपालिकाको विधायन समितिबाट पेश हुन आएको सहकारी सम्बन्धी विधेयक २०७४ लाई पारित गर्दै स्विकृतका लागी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न २:**

यस नगरपालीकाको आर्थिक विकास समिती मार्फत सहकारी सम्बन्धी विधेयक मस्यौदा गर्न गठित पदाधिकारी,विज्ञ र कर्मचारीहरु सहितको समितीले सरोकारवालाहरु सँग आवश्यक छलफल गरि नगरकार्यपालीका बैठकमा मस्यौदा पेश गरेकोमा उल्लेखित पदाधिकारीहरु एंव कर्मचारीहरुले यस नगरपालीकाको सहकारी सम्बन्धी विधेयक निर्माणमा गरेको सहयोगका लागी हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय न ३:**

वीरेन्द्रनगर नगर कार्यपालीकाको कार्यालय भवन दैनिक कार्य संचालन गर्न पर्याप्त नभएकाले अर्को व्यवस्था नहुन्जेल सम्म जिल्ला समन्वय समितीको कार्यालय,सुर्खेतको भवनको भुई तला र पुरानो सभा हल समेत यस नपालाई हकभोग गर्न उपलब्ध गराईदिनका लागी जिल्ला समन्वय समिती,सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।